१२९

राष्ट्रिय सूचना आयोग
२०६५

# राष्ट्रिय सूचना आयोगको
## आदेश

मु.नं. २८/२०७१/०७२

जिल्ला बैतडी सलेना गा.वि.स. वडा नं. ३ बस्ने दीपेन्द्र बहादुर चन्द ( ना.प्र.नं. २५७९८) ........१ निवेदक

विरूद्ध

कार्यालय प्रमुख, जिल्ला मालपोत कार्यालय, बैतडी ..............................................................१ विपक्षी

सूचना अधिकारी, जिल्ला मालपोत कार्यालय, बैतडी ...........................................................१

विषय :- ऐन बमोजिम जरिवाना गरी सूचना उपलब्ध गराई पाउँ ।

जिल्ला बैतडी सलेना गा.वि.स. वडा नं. ३ बस्ने दीपेन्द्र बहादुर चन्द ( ना.प्र.नं. २५७९८) ले मालपोत कार्यालय, बैतडी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०६।२९ मा निवेदन गरेको र यस आयोगबाट मिति २०७१।१०।११ को पत्र बमोजिम जिल्ला मालपोत कार्यालय, बैतडीको मिति २०७१।१०।२९, च.नं.४३३, प.सं. (तामेली फा.नं.१८०-ज.प्र.)/०७१/०७२ को पत्र मार्फत निवेदकले माग गरेको सूचना निवेदकलाई उपलब्ध गराईएको पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्ने । यसको जानकारी निवेदकलाई दिनू ।

किरण कुमार पोखरेल
(सूचना आयुक्त)

कृष्णहरि बाँस्कोटा
(प्रमुख सूचना आयुक्त)

ईति सम्वत् २०७१ साल फागुन २९ गते रोज ६ शुभम् ।